लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
राप्ति उपत्यका(देउखुरी), दाङ

(प्रमोद भट्टराई)
प्रदेश सचिव

विषयः- उत्कृष्ट वनकर्मी (**Best Forester Award**)
र
**गौतमबुद्ध वृक्ष संरक्षण प्रबल पुरस्कारका लागि मनोनयन सम्वन्धमा।**

प्रथक पटक प्रकाशित मितिः२०८२।०३।०२

लुम्बिनी प्रदेश वन तथा वातावरण मन्त्रालय, राप्ती उपत्यका (देउखुरी), नेपालको बार्षिक कार्यक्रम ***सम्मान पुरस्कार तथा उत्प्रेणामूलक कार्यक्रम*** अन्तर्गत रहेको प्रदेशमा कार्यरत यस मन्त्रालय मातहतका कर्मचारीहरु मध्ये कम्तिमा ३(तीन) जनालाई **उत्कृष्ट वन कर्मी पुरस्कार (Best Forester Award)** र लुम्बिनी प्रदेशमा वन संरक्षण, व्यवस्थापन एवं विकासमा उत्कृष्ट काम गर्ने (सामुदायिक, निजी, कवुलियती, साझेदारी, धार्मिक) वन, स्वतन्त्र संरक्षण कर्मी, व्यक्ति, सुरक्षा निकाय मध्ये उत्कृष्ट ३(तीन) संस्था वा व्यक्तिलाई **गौतमबुद्ध वृक्ष संरक्षण प्रबल पुरस्कार** उपलब्ध गराउने कार्यक्रम रहेकोले सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ। **उत्कृष्ट वन कर्मी पुरस्कार (Best Forester Award)** र **गौतमबुद्ध वृक्ष संरक्षण प्रबल पुरस्कारको** लागि तपसिलका सुचक र आधारमा कर्मचारी, व्यक्ति तथा संस्थाले मनोनयनका लागि मिति २०८२।०३।०८ गते भित्र प्रदेश वन निर्देशनालय, वन अनुसन्धन तथा प्रशिक्षण केन्द्र, डिभिजन वन कार्यालय, भू-तथा जलाधार व्यवस्थापन कार्यालयमा आवेदन दिनु हुन। साथै प्रदेश वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, डिभिजन वन कार्यालय, भू-तथा जलाधार व्यवस्थापन कार्यालयमा आवेदन परेका वा आफुलाई उत्कृष्ट लागेका कर्मचारी, व्यक्ति तथा संस्था मध्ये १/१ (प्रत्येक Category मा) जना सिफारिस गरी मिति २०८२/०३/१० भित्र यस मन्त्रालयमा पठाउँन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशितं गरिएको छ।

पुनश्चयः उपरोक्त कार्यालयबाट सिफारिस भई आएका उम्मेदद्वार मध्येबाट मन्त्रालयमा रहेको **सम्मान पुरस्कार तथा उत्प्रेरणामूलक कार्यक्रम मुल्याङ्कन तथा कार्यान्वयन समितिले अन्तिम छनौट गर्नेछ।**

तपसिल

१. पुरस्कार प्रदान गरिने क्षेत्रहरुः-

१.१ उत्कृष्ट वन कर्मी पुरस्कार (**पुरस्कार राशी रु १२,५०० प्रति कर्मचारी**)

i. अधिकृत स्तर (अधिकृतस्तर छैठौ देखि दशौ सम्म)- १ जना
ii. सहायक चौथो र पाचौ स्तरिय (रेञ्जर,फरेष्टर,भुसंरक्षण सहायक समेत)- १ जना
iii. वन रक्षक/ सशस्त्र वन रक्षक/हलुका सवारी चालक/कार्यालय सहयोगी लगायत- १ जना

१.२ गौतमबुद्ध वृक्ष संरक्षण प्रवल पुरस्कार (**पुरस्कार राशी रु ६०,००० प्रति व्यक्ति/संस्था**)

iv. सहभागितामुलक वन पद्धति (सामुदायिक, साझेदारी, कवुलियती, धार्मिक)- १ संस्था
v. स्वतन्त्र संरक्षणकर्मी, व्यक्ति, संस्था(निजी वन समेत), सञ्चारकर्मी- १ जना/संस्था
vi. वन तथा वातावरण मन्त्रालय बाहेक अन्य सरकारी निकाय कार्यालयमा कार्यरत निजामति कर्मचारी, जनप्रतिनिधी, सुरक्षा निकाय, शिक्षक लगायत- १ कर्मचारी

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
राप्ति उपत्यका(देउखुरी),दाङ

(प्रमोद भट्टराई)
प्रदेश सचिव

विषयः- उत्कृष्ट वनकर्मी (Best Forester Award)
र
गौतमबुद्ध वृक्ष संरक्षण प्रबल पुरस्कारका लागि मनोनयन सम्वन्धमा।

प्रथक पटक प्रकाशित मितिः२०८२।०३।०२

२. <u>छनौट सम्बन्धी सुचक र आधारहरु</u>

२.१ उत्कृष्ट वन कर्मचारी पुरस्कार (अधिकृत स्तर/रेन्जर/फरेष्टर/ब.र.)

- लक्ष्य तोकिएको कार्य
- लक्ष्य नतोकिएका कार्य
- आफ्नै पहलमा गरेका सकारात्मक कार्य
- वन, भु-संरक्षण, वन्यजन्तु संरक्षण, अपराध अनुसन्धान तथा मुद्धा तहकिकातमा गरेको योगदान
- अनुशासन तथा कर्तव्यपालन
- साहासिक कार्यसम्पादन तथा कार्यईच्छुकता

२.२ गौतमबुद्ध वृक्ष संरक्षण प्रवल पुरस्कार

क)(सामुदायिक, साझेदारी, धार्मिक, कबुलियती वन)

- कार्ययोजना अनुसार वन सम्बर्द्धन, व्यवस्थापन, संरक्षण कार्य गरेको,
- वन ऐनले निर्दष्ट गरेको विधि अनुसार बार्षिक कार्यक्रम तर्जुमा गरि सोही अनुसार कार्यान्वयन गरेको
- सामाजिक समावेशीकरण, महिला सशक्तिकरण र गरिवी न्युनीकरणमा पुर्याएको योगदान
- सुशासन सम्बन्धी (कार्यालय व्यवस्थापन, लेखा परिक्षण, साधारण सभा र समितिको मिटिङ, सुचना पार्टी)
- वन पैदावारको समुचित व्यवस्थापन, प्रदेश सरकारको राजश्वमा योगदान, घाटगद्दी व्यवस्थापन समेत
- जैविक विवधता संरक्षण सम्बन्धी कार्य, मानव वन्यजन्तु द्धन्द व्यवस्थापनमा पुर्याएको योगदान ।
- नविनतम कार्यहरु

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
राप्ति उपत्यका(देउखुरी),दाङ

(प्रमोद भट्टराई)
प्रदेश सचिव

विषयः- उत्कृष्ट वनकर्मी (Best Forester Award)

र

गौतमबुद्ध वृक्ष संरक्षण प्रबल पुरस्कारका लागि मनोनयन सम्वन्धमा।

प्रथक पटक प्रकाशित मितिः२०८२।०३।०२

**ख)स्वतन्त्र संरक्षण कर्मी, व्यक्ति, सञ्चारकर्मी**

- वन, वन्यजन्तु, जैविक विविधता संरक्षण, भुसंरक्षण, जलवायु परिवर्तन अनुकुलन तथा वातावरण व्यवस्थापनमा आफ्नै पहलमा पुर्याएको योगदान
- सामाजिक उत्प्रेरणा, वन तथा वातावरण व्यवस्थापन सम्बन्धी सकारात्मक सन्देश तथा जनचेतना तथा सामाजिक सहभागिता गर्न पुर्याएको योगदान
- वन्यजन्तु उद्धार, मानव वन्यजन्तु द्बन्द व्यवस्थापन, वन अतिक्रमण नियन्त्रण तथा विपद व्यवस्थापनमा सहजता गर्न खेलेको भुमिका
- आफ्नै पहलमा वन तथा वातावरण सम्बन्धी गरेका उत्कृष्ट वा नविनतम कार्य (उद्यम,वृक्षारोपण, सार्वजनिक स्थल सरसफाई, सिमसार व्यवस्थापन लगायत)
- वन तथा वातावरण सम्बन्धी निति वहस, पैरवी तथा अनुसन्धानात्मक लेख रचना समेत

**ग) वन बाहेक अन्य निकाय कार्यालयमा कार्यरत निजामति कर्मचारी, जनप्रतिनिधी, सुरक्षा निकाय वा शिक्षक समेत**

- वन डढेलो, वन अतिक्रमण, विपद व्यवस्थापन तथा वन तथा वन्यजन्तु अपराध नियन्त्रणमा पुर्याएको योगदान
- वन, वातावरण तथा भु-संरक्षण, वन व्यवस्थापन, वन्यजन्तु उद्धार, मानव वन्यजन्तु द्बन्द व्यवस्थापनमा निवार्ह गरेको सकारात्मक भुमिका।
- वन तथा वातावरण सम्बन्धी कृयाकलापहरुमा सक्रियता, सहभागिता, प्रचारप्रसार र सहजिकरण समेत ।